# बालअधिकारमा कार्यरत संस्थाहरुको सञ्जाल नेपाल

मिति : २८ फेब्रुअरी २०१८

**विषय : प्रेश बक्तव्य**

बालअधिकार कार्यरत संस्थाहरुको सञ्जाल नेपालको हालै सिरियामा भएको आक्रमणबाट ठूलो संख्यामा बालबालिकाहरूको मृत्यु तथा घाइते भएको प्रति गम्भिर ध्यानाकर्षण भएको छ । गत हप्ता भएको आक्रमणमा परि करिब ५०० बन्दा बढी नागरिक (करिब १५० बालबालिकाहरु) मृत्यु हुन पुगेकोमा दुःख व्यक्त गर्दछौ । उक्त आक्रमणबाट मृत्यु हुनेहरु प्रति श्रदाञ्जली व्यक्त गर्दछौ साथै परिवारहरुमा धैय धारणाको कामना गर्दछौ । आक्रमणबाट घाइते हुनेहरुको यथासक्य छिटो स्वास्थ्य उपचार तथा राहतको लागि जोडदार माग गर्दछौ ।

सिरियाको यस घटनाले संयुक्त राष्ट्र संघले जारी गरिएको अन्तर्राष्ट्रिय कानुनहरुमध्ये मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणा पत्र तथा बालअधिकार महासन्धीले हरेक नागरिक तथा बालबालिकाको भयरहित बाच्न पाउने अधिकारलाई हनन गरेको पाइएको हुदां संयुक्त राष्ट्र संघले यस घटनालाई गम्भिरताका साथ लिई यथाशीध्र आवश्यक पहल गरि दिन साथै द्वन्द्वको अन्त्य गरि स्थायी शान्तिका लागि पहल गर्नका लागि पनि यस प्रेश बक्तव्य मार्फत अनुरोध गर्दछौ । जस्तो सुकै स्वार्थ रहेतापनि निहत्था जनता, अवोध वालवालिकाको ज्यान लिनु कुनैपनि दृष्टिमा उचित नहुने हुनाले वालअधिकार तथा मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित मान्यताहरुलाई कडाइका साथ कार्यान्वयन गरि संयुक्त राष्ट्रसंघजस्ता साझा संस्थाहरुको अग्रसरता हुनुपर्ने कुरामा ध्यानाकर्षण गर्दै सिरीयाली सरकार र त्यहाँको विद्रोही पक्षबाट भएको आक्रमणलाई तुरुन्त वन्द गरि प्रत्येक नागरिकको बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न सवै सरोकारवाला पक्षहरुलाई जोडदार माग गर्दछौँ ।

कुनै पनि राष्ट्रको आन्तरिक द्वन्द्वलाई छिमेकि राष्ट्रहरुको सहयोग संगै संयुक्त राष्ट्र संघको सक्रिय भूमिकाले स्थायी शान्ति स्थापना गर्न सकिन्छ भन्ने कुरा नेपालको शान्ति सम्झौताले प्रमाणित गरिसकेको व्यहोरा हामी सवैमा अवगत भएको हुदां सिरियाको द्वन्द्वलाई पनि स्थायी शान्तिमा परिणत गर्नका लागि सिरियाका छिमेकि राष्ट्र तथा संयुक्त राष्ट्र संघलाई सकारात्मक भूमिका निर्वाह गर्नका लागि अनुरोध गर्दछौ ।

**ऐक्यबद्धता**

| | |
|---|---|
| एटविन | सिनेट |
| कन्सोंटियम नेपाल | सिआरसि एच आरटिसिसिएम |
| सिजप | डियूकम |
| एजुकेशन वाच | इन्क्लुसिभ एजुकेशन |
| एनएसिजी नेपाल | नाको |
| नाओस | एनसिई नेपाल |
| एनसिएफएलजि फोरम | एनसिपिए |